www.souryaonline.com सौर्य दैनिक

२ शुक्रबार, २८ फागुन २०७७ Friday, 12 March 2021

NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.
एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि.

स्वदेशी लघुवित्त
Swadeshi Laghubitta Bittiya Sanstha Ltd.

**एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड र स्वदेशी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने गाभिने (मर्जर) कार्य गरे पश्चात एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट मिति २०७७/१२/०८ गतेबाट एकीकृत कारोवार शुभारम्भ हुने बारेको सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०७७/११/२६ गते)**

नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १७६२१/०७४/०७५ रही नेपाल राष्ट्र बैंकबाट मिति २०७४/०८/०५ मा इजाजतपत्र प्राप्त भेरी
नगरपालिका वडा नं. ४, जाजरकोट जिल्लामा केन्द्रीय कार्यालय रहेको "घ" वर्गको राष्ट्रिय स्तर कार्यक्षेत्र भएको एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड
र नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १२७४०३/०७१/०७२ रही नेपाल राष्ट्र बैंकबाट मिति २०७१/०९/०९ मा इजाजतपत्र प्राप्त इटहरी उप-
महानगरपालिका वडा नं. ९, सुनसरी जिल्लामा केन्द्रीय कार्यालय रहेको "घ" वर्गको राष्ट्रिय स्तर कार्यक्षेत्र भएको स्वदेशी लघुवित्त वित्तीय संस्था लिमिटेड बिच एक
आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा दुवै संस्थाको मिति २०७७/१०/०४ गते सम्पन्न छुट्टाछुट्टै वार्षिक साधारण सभाबाट पारित विशेष प्रस्ताव बमोजिम एक
आपासमा गाभ्ने/गाभिने (मर्जर) कार्य गर्न अन्तिम स्वीकृत प्राप्त भएको र कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७७/११/२३ को निर्णय अनुसार एन आई सी
एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड र स्वदेशी लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (मर्जर) अन्तिम दिनसम्म कायम रहेको सम्पूर्ण सम्पत्ति, दायित्व
तथा अन्य संभावित दायित्वहरु गाभ्ने/गाभिने (मर्जर) कार्य पश्चात बनेको नयाँ संस्था **एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड**ले व्यहोर्ने सकाने गरी
गाभ्ने/गाभिने (मर्जर) कार्यका लागि स्वीकृति प्राप्त भएको हुँदा एक आपसमा गाभ्ने/गाभिने (मर्जर) कार्य पश्चात बनेको संस्था **"एन आई सी एशिया लघुवित्त
वित्तीय संस्था लिमिटेड"** अङ्ग्रेजीमा **NIC Asia Laghubitta Bittiya Sanstha Limited** "घ" वर्गको इजाजतपत्र प्राप्त संस्थाको नामबाट मिति २०७७/१२/०८
गते आइतवार देखि एकिकृत कारोवार शुभारम्भ गरिने व्यहोरा समस्त ग्राहक सदस्य, शेयरधनी, नियमनकारी निकाय तथा समबन्धित सबैको जानकारीका लागि यो
सूचाना प्रकाशित गरिएको छ। गाभ्ने/गाभिने (मर्जर) कार्य पश्चात वित्तीय संस्थको केन्द्रीय कार्यालय हाल **स्वदेशी लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय
कार्यालय रहेको स्थान इटहरी उप-महानगरपालिका वडा नं. ९, सुनसरी** जिल्लामा रहने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

साथै, मिति २०७७/१२/०८ गते देखि दुवै संस्थाको एकीकृत कारोवार सुरु गरिने भएको हुँदा **Data Migration** प्रयोजनका लागि **मिति २०७७/१२/०६ गतेका**
दिन दुवै वित्तीय संस्थाद्वारा आफ्ना कार्यालयहरुबाट प्रदान गर्दै आइरहेको सम्पूर्ण बैंकिङ करोवार बन्द रहने व्यहोरा समस्त ग्राहक सदस्य, शेयरधनी, नियमनकारी
निकाय तथा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। यसबाट ग्राहक सदस्यमा पर्न जाने असुविधा प्रति हामी क्षमाप्रार्थी छौं।

गाभ्ने/गाभिने (मर्जर) कार्यमा सहयोग पुऱ्याउनु हुने सम्पत्ति दायित्व मूल्याङ्कनकर्ता, विशेषज्ञ, सम्पूर्ण शेयरधनीहरु तथा नियमनकारी निकायका पदाधिकारीज्यूहरु
प्रति एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड र स्वदेशी लघुवित्त वित्तीय संस्था लिमिटेडको तर्फबाट हार्दिक आभार व्यक्त गर्न चाहन्छौं।

एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड
भेरी-४, जाजरकोट

स्वदेशी लघुवित्त वित्तीय संस्था लिमिटेड
इटहरी-९, सुनसरी